वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ६१ २०८३ असार ०९ गते मंगलबार, नेपाल सम्वत् ११४६ June 23, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदैं आएको 'भञ्ज्याङ'
भञ्ज्याङ bhanjyangnews.com
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
बेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोसा !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।
भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com
विश्वसनीय र निष्पक्ष | खोजमुलक पत्रकारिता | विचार र विश्लेषण | सूचना र सन्देश प्रवाह

# मादी-मर्स्याङ्दी मोटरमार्ग : स्तरोन्नती कार्यले गति नलिदा आठ वर्षदेखि अलपत्र

**भञ्ज्याङ समाचारदाता/तनहुँ**

तनहुँको उत्तरी भेगलाई जोड्ने तथा पृथ्वी राजमार्गको वैकल्पिक मार्गका रूपमा हेरिएको मादी–मर्स्याङ्दी मोटरमार्ग निर्माण कार्य आठ वर्षदेखि अलपत्र अवस्थामा रहेको छ ।

निर्वाचन क्षेत्र रणनीतिक सडकअन्तर्गत रहेको यस आयोजनाको निर्माण निर्धारित समयमै सम्पन्न हुन नसक्दा स्थानीयले वर्षौंदेखि सास्ती भोग्दै आएका छन् । आर्थिक वर्ष २०८०/०८१ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको निर्माण कार्य समयमै पूरा नभएपछि डिभिजन सडक कार्यालय दमौलीले निर्माण कम्पनीलाई थप एक वर्षको म्याद दिएको थियो । तर आर्थिक वर्ष २०८२/०८३ को असार महिना लागिसक्दा पनि उल्लेखनीय प्रगति हुन नसकेको स्थानीयको गुनासो छ ।



उपलब्ध विवरणअनुसार हालसम्म सडकको भौतिक प्रगति करिब ३५ प्रतिशतमा सीमित रहेको छ । एक वर्षको थपिएको अवधिमा पनि निर्माणले गति लिन नसकेको र सम्बन्धित निकाय तथा निर्माण कम्पनी दुवै मौन बसेको भन्दै सरोकारवालाले यसको छानबिन हुनुपर्ने माग गरेका छन् ।

यो आयोजना दुई खण्डमा विभाजन गरी कार्यान्वयनमा ल्याइएको छ । व्यास नगरपालिकाको कलेस्ती दोभानदेखि भानु नगरपालिकाको टुहुरेपसलसम्म तथा टुहुरेपसलदेखि मान्टेहटिया हुँदै पाँचसयफाँटसम्म पक्की नाला र कालोपत्रसहित सडक निर्माण गर्ने लक्ष्य राखिएको थियो । तर कलेस्तीको बिर्तादेखि टुहुरेपसलसम्मको करिब चार किलोमिटर खण्डमा अझै ठेक्का नै नलागेको बताइएको छ । यसैगरी बिर्ताको पाउँदीखोला र कलेस्तीखोलामा निर्माण गरिनुपर्ने पुलको कामसमेत अघि बढ्न सकेको छैन ।

स्थानीयका अनुसार ठेकेदार कम्पनीको ढिलासुस्तीका कारण सम्झौता भएको ३२ महिना बितिसक्दा पनि कामले अपेक्षित गति लिन सकेको छैन । निर्माण कम्पनीले विभिन्न बहाना बनाएर काम रोकेको आरोप स्थानीयको छ । यस विषयमा संघीय सरकार र सम्बन्धित मन्त्रालयसम्म गुनासो पुगेको भए पनि समस्या समाधानतर्फ ठोस पहल नदेखिएको उनीहरूको भनाइ छ ।

सडक निर्माणमा भएको ढिलाइका कारण सिस्नेरी, बिर्ता, टुहुरेपसल, रम्घा हुँदै मान्टेहटियासम्मका बासिन्दाको दशकौँदेखिको सहज यातायातको सपना अधुरै रहेको छ । पृथ्वी राजमार्ग अवरूद्ध भएका बेला प्रयोग गर्न सकिने वैकल्पिक मार्गका रूपमा समेत महत्वपूर्ण मानिएको यो सडक सम्पन्न नहुँदा स्थानीयले बर्खामा हिलो र हिउँदमा धुलो सहेर यात्रा गर्न बाध्य हुनुपरेको छ ।

भानु नगरपालिकाका नगरप्रमुख आनन्दराज त्रिपाठीले निर्माण कम्पनीको लापरबाहीका कारण तोकिएको समयमा आयोजना सम्पन्न हुन नसकेको र त्यसको प्रत्यक्ष असर सर्वसाधारणले भोग्नुपरेको बताए । उनले सम्बन्धित निकायले निर्माण कार्यलाई शीघ्र अघि बढाएर जनताको समस्या समाधान गर्नुपर्नेमा जोड दिए ।

मादी–मर्स्याङ्दी मोटरमार्गले व्यास नगरपालिका–७ को कलेस्ती दोभान, वडा नं. ९ को गजौडे र बिर्तासहित भानु नगरपालिका–१०, ११, १२ र १३ नम्बर वडालाई जोड्नेछ । सडक समयमै सम्पन्न भएमा गोरखाको पालुङटारबाट पोखरा पुग्ने दूरी पृथ्वी राजमार्गको तुलनामा करिब २० किलोमिटरले छोटो हुने अपेक्षा गरिएको छ ।

स्थानीयवासीले राष्ट्रिय महत्व बोकेको यस रणनीतिक सडकको निर्माणमा देखिएको सुस्त गतिप्रति सरकार र सम्बन्धित निकायले तत्काल प्रभावकारी पहल गर्नुपर्ने माग गरेका छन् ।

# म्याग्देको अनुमानित बजेट रू ७४ करोड ३२ लाख

**भञ्ज्याङ समाचारदाता/म्याग्दे**

तनहुँको म्याग्दे गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि रू ७४ करोड ३२ लाख ७८ हजार बराबरको अनुमानित बजेट प्रस्तुत गरेको छ । गाउँपालिकाको सोमबार आयोजित गाउँसभामा उपाध्यक्ष बालकृष्ण घिमिरेले उक्त अनुमानित बजेट प्रस्तुत गरेका हुन् ।



प्रस्तुत बजेटमध्ये चालुतर्फ रू ४७ करोड ९३ लाख र पुँजीगततर्फ रू २६ करोड ३९ लाख ४५ हजार विनियोजन गरिएको घिमिरेले जानकारी दिए ।

विनियोजित बजेटको स्रोत सुनिश्चितताका लागि नेपाल सरकारको वित्तीय समानीकरणबाट रू नौ करोड ९२, सशर्त अनुदानबाट रू ३९ लाख, चालुबाट रू १८ करोड, राजश्व बाँडफाँटबाट रू आठ करोड ७७, गण्डकी प्रदेश सरकारको प्रदेश वित्तीय समानीकरणबाट रू एक करोड २१ लाख, राजश्व बाँडफाटबाट रू ९० लाख, अनुदानबाट रू ९० लाख अनुमान गरिएको छ ।

उपाध्यक्ष घिमिरेका अनुसार सडक बोर्डबाट रू २३ लाख, आन्तरिक आयबाट १५ करोड, समपुरक अनुदानबाट रू ७० लाख, विशेष अनुदानबाट रू एक करोड ४० लाख, सामाजिक सुरक्षाबाट रू १३ करोड, प्रदेश समपुरक अनुदानबाट रू ६० लाख, विशेष अनुदानबाट रू ४० लाख, नागरिक साझेदारीबाट रू दुई करोड प्राप्त हुने अनुमान गरिएको छ ।

आर्थिक विकास समितितर्फ रू चार करोड १८ लाख, सामाजिक विकास समितितर्फ रू ३३ करोड १६ लाख ८३ हजार, पूर्वाधार

बाँकी तेश्रो पेजमा

# शुक्लागण्डकीको बजेट : रू १ अर्ब १३ करोड

**भञ्ज्याङ समाचारदाता/दुलेगौंडा**

तनहुँको शुक्लागण्डकी नगरपालिकाले आर्थिक वर्ष २०८३/०८४ को लागि रू १ अर्ब १३ करोड ५४ लाख ४९ हजार अनुमानि बजेट प्रस्ताव गरेको छ। नगर उपप्रमुख खुमबहादुर विक (राजु)ले सोमबार आयोजित नगर सभा तथा १९औं नगर अधिवेशनमा उक्त अनुमानित बजेट प्रस्ताव गरेका हुन् ।




प्रस्तुत बजेटबाट पूर्वाधार तर्फ रू ३ करोड ५१ लाख ७८ हजार, सामाजिक विकास तर्फ रू ३ करोड ४२ लाख ५२ हजार, आर्थिक विकास तर्फ रू ९२ लाख ५७ लाख, वातावरण तथा विपद व्यवस्थापन तर्फ रू ९२ लाख ५७ हजार विनियोजन गरिएको छ ।

यस्तै, सुशासन तथा संस्थागत विकास तर्फ रू ४६ लाख २८ हजार, चालू प्रशासनिक खर्च रू १६ करोड, अनिवार्य दायित्व भुक्तानी तर्फ रू १० करोड, राजश्व फिर्ता तर्फ रू १ करोड, जनसहभागिता तर्फ रू १ करोड ५० लाख र वडागत सिलिङतर्फ रू ९ करोड २५ लाख ७४ हजार विनियोजन प्रस्ताव गरिएको उपप्रमुख विकले जानकारी गराए।

उक्त नगर सभाले शुक्लागण्डकी नगरपालिकाको आर्थिक विधेयक २०८३ र शुक्लागण्डकी नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ (संशोधन २०८३) नगर सभामा पेश गरी पारित गरेको छ । अधिवेशनको समापन असार २६ गते गरिने भएको छ ।

# अन्तर्राष्ट्रिय हवाई सञ्जालमा जोडिंदै पोखरा

**राम थापा/गण्डकी**

फ्लाइ दुबईले आगामी असोज ७ गतेदेखि पोखरा–दुबई सिधा उडान सेवा सुरू गर्दैछ। विश्वव्यापी हवाई ट्रान्जिट हब दुबईसम्मको सिधा उडानले पोखरालाई अन्तरराष्ट्रिय हवाई सञ्जालमा जोड्ने छ। सञ्चालनमा आएको तीन वर्ष बितिसक्दासमेत पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तरदेशीय उडान हुन सकेको थिएन ।



सन् २०२५ को मार्चमा हिमालय एयरलाइन्सले पहिलोपटक पोखरा–ल्हासा नियमित व्यावसायिक उडान सुरु गरे पनि यात्रु सत्त्या न्यून हुँदा उक्त उडान सेवा हाल स्थगन छ । पोखरा–दुबई उडान पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट हुन लागेको दोस्रो व्यावसायिक उडान हो । यसअघि चीन, भारत र भुटानका विभिन्न गन्तव्यमा चार्टर उडान भने हुँदै आएको थियो ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाले दुबई–पोखरा–दुबईको उडान तालिका स्वीकृत भएसँगै फ्लाई दुबईले टिकट बुकिङ खुला गरिसकेको बताउनुभयो। "पोखराको अन्तर्राष्ट्रिय हवाई पहुँच विस्तारमा यो महत्वपूर्ण उपलब्धि हो, यसले सिङ्गो गण्डकी प्रदेश र मुलुकलाई नै प्रत्यक्ष लाभ पुग्छ", उहाँले भन्नुभयो, "पोखरादेखि दुबई भएर युरोप, अमेरिकालगायत विभिन्न गन्तव्य मुलुकमा जाने यात्रुलाई धेरै सहजता थपिन्छ, यात्राअवधि छोटिंदा खर्च पनि घट्छ ।"

पर्यटकीय राजधानीसमेत रहेको पोखरासहित यहाँका पर्यटकीय क्षेत्रको घुमफिरका लागि विदेशी पर्यटकहरू सिधैं पोखरा आउन सक्ने महाप्रबन्धक निरौलाले बताउनुभयो । वैदेशिक राजगोरी, अध्ययन, घुमफिर आदिका लागि अरब मुलुकसहित अन्य देशमा जाने यात्रु तथा सर्वसाधारणका लागि पोखरा–दुबई उडान सेवा लाभदायी हुने देखिएको छ ।

विश्वकै व्यस्त र महत्वपूर्ण मानिने हवाई ट्रान्जिट हब दुबईमा हुने उडानले अन्तर्राष्ट्रिय क्षेत्रमा पोखराको सिधा हवाई पहुँच पुग्ने पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले बताउनुभयो । उहाँका अनुसार फ्लाइ दुबई र इमिरेट्स एयरलाइन्सबीच रणनीतिक कोडसेयर साझेदारीअन्तर्गत पोखरा–दुबई उडान सेवा सञ्चालन हुनेछ । पोखरादेखि अष्ट्रेलिया, युरोप वा

बाँकी अन्तिम पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# ओझेलमा परेको मिर्लुङकोट क्षेत्र

तनहुँको उत्तरपूर्वी पहाडी भू-धरातलमा फैलिएको मिर्लुङकोट क्षेत्र प्राकृतिक, ऐतिहासिक, धार्मिक र सांस्कृतिक दृष्टिले अत्यन्तै सम्भावनायुक्त क्षेत्र हो । जिल्लाकै दोस्रो अग्लो पहाडी शृंखलाको रूपमा रहेको मिर्लुङकोट यस क्षेत्रको शिरझैं उभिएको छ । टुटेपानी सामुदायिक होमस्टे, बासपानी सामुदायिक होमस्टे, शहीदको गाउँ पुलिमराङ, मिर्लुङकोट क्षेत्रका ऐतिहासिक तथा धार्मिक स्थलहरूले यहाँको पहिचानलाई अझ विशिष्ट बनाएका छन् । तर यति ठूलो सम्भावना बोकेको क्षेत्र दशकौंदेखि आधारभूत पूर्वाधार अभावमा ओझेलमै छ । डुम्रेबाट सुरू भई भानु मार्ग हुँदै चन्द्रावती-पोखरीछाप-ठूलोढुंगा खण्डसम्म विस्तार गरिएको सडकले तीन दशकअघि ट्र्याक खोलिएर यातायात सुरू भए पनि त्यसयता स्तरोन्नतिको कामले अपेक्षित गति लिन सकेको छैन । विशेषगरी चन्द्रावती-पोखरीछाप खण्डमा कालोपत्र, नाला निर्माण र ग्याबियन जाली जस्ता आधारभूत पूर्वाधारका कामहरु वर्षौंदेखि अलपत्र छन् । २०७६ कात्तिक ४ गते सम्झौता भई २०७८ माघ १५ भित्र १० किलोमिटर सडक स्तरोन्नति गर्ने लक्ष्य राखिए पनि पटक-पटक म्याद थपिंदा समेत कार्यान्वयन पक्ष शून्यप्रायः देखिनु गम्भीर प्रश्न हो ।

आजको मिर्लुङ क्षेत्रको सडक केवल असुविधाको प्रतीक मात्र होइन, राज्यको विकास प्रणालीमाथिको प्रश्नचिन्ह पनि बनेको छ । हिउँदमा धुलो र बर्खामा हिलोले सडक प्रयोग गर्न नसकिने अवस्थामा पुगेको छ । कतिपय स्थानमा वर्षाको पानी र पहिरोका कारण पैदल यात्रा समेत जोखिमपूर्ण बनेको स्थानीयको भनाइ छ। विकासको नाममा वर्षौंदेखि आश्वासन मात्रै बाँडिँदै आएको गुनासो बढ्दो छ । २०४९ सालमा ट्र्याक खुलेपछि सुरू भएको यातायात सेवा आजसम्म पनि स्तरोन्नति नहुनु विकास योजनाको दीर्घकालीन असफलताको उदाहरण हो । डुम्रेबाट पोखरीछापसम्म दैनिक केही बस चल्ने भए पनि त्यसले स्थानीयको वास्तविक आवश्यकतालाई सम्बोधन गर्न सकेको छैन । सडकको दयनीय अवस्थाका कारण कृषि उत्पादन बजारसम्म पुऱ्याउन कठिन भएको छ भने स्वास्थ्य, शिक्षा र आपत्कालीन सेवामा समेत गम्भीर चुनौती देखिएको छ ।

मिर्लुङ क्षेत्र केवल सडकको समस्या मात्र भोगिरहेको छैन, यो क्षेत्र क्रमशः जनसंख्या घट्ने र बस्ती खाली हुँदै जाने अवस्थातर्फ धकेलिँदै गएको छ । रोजगारी, शिक्षा र स्वास्थ्यजस्ता आधारभूत सुविधा सहज नहुँदा युवा पुस्ता बाहिरिने क्रम बढेको छ । यसले दीर्घकालीन रूपमा क्षेत्रीय सामाजिक संरचनामै असर पारिरहेको छ । यसै मार्ग हुँदै गण्डकी प्रदेशकै चर्चित टुटेपानी सामुदायिक होमस्टे पुगिन्छ । पर्यटकीय सम्भावना उच्च भए पनि सडकको दयनीय अवस्थाका कारण आन्तरिक तथा बाह्य पर्यटक सहज रूपमा पुग्न नसक्नुले स्थानीय पर्यटन व्यवसाय प्रभावित भएको छ । होमस्टे सञ्चालकहरु बारम्बार सडक निर्माणको माग गर्दै आएका छन् । यस्तै, मिर्लुङकोट, पुलिमराङलगायतका ऐतिहासिक तथा धार्मिक स्थलहरूमा पुग्ने पर्यटक र अध्ययनकर्ताहरूले समेत कठिन यात्रा गर्नुपर्ने बाध्यता छ । स्थानीयको गुनासो अनुसार चुनावका समयमा सडक स्तरोन्नतिको प्रतिबद्धता जनाइए पनि त्यसपछि कार्यान्वयन पक्षमा उदासीनता देखिएको छ। स्थानीय सरकार र निर्माण पक्ष दुवैबाट प्रभावकारी अनुगमन र दबाब नहुँदा परियोजना अलपत्र परेको आरोप छ । प्रदेश सरकारअन्तर्गतको यो सडक परियोजनामा जिम्मेवारी कसले लिने भन्ने विषय नै अनिश्चितजस्तो देखिनु चिन्ताजनक हो ।

अब प्रश्न केवल सडक नबनेको मात्र होइन, किन नबनेको हो भन्ने हो । पटक-पटक म्याद थपिंदा पनि काम अघि नबढ्नु, निर्माण पक्षको निष्क्रियता र सरकारी निकायको कमजोर अनुगमन प्रणालीले यो आयोजना विफलताको दिशातर्फ गएको संकेत गर्छ । विकास योजनामा देखिएको यस्तो ढिलासुस्तीले राज्यप्रतिको विश्वास कमजोर बनाइरहेको छ । मिर्लुङकोट क्षेत्रको विकास केवल सडक निर्माणको विषय होइन, यो क्षेत्रको भविष्य, बसोबास, पर्यटन, कृषि र सामाजिक जीवनसँग प्रत्यक्ष जोडिएको विषय हो । यदि समयमै प्रभावकारी कदम चालिएन भने यो क्षेत्र अझै बढी जनसंख्या पलायन र आर्थिक पछौटेपनतर्फ धकेलिने निश्चित छ । अब आवश्यक छ, स्पष्ट कार्ययोजना, जिम्मेवार अनुगमन र निर्माण पक्षलाई जवाफदेही बनाउने कठोर प्रशासनिक कदम । अन्यथा मिर्लुङ क्षेत्र विकासको सम्भावना बोकेर पनि उपेक्षाको प्रतीक बनिरहनेछ ।

# भिरमा अल्झिएको भेडागोठालाको जीवन

♦ प्रतीक्षा आले

गोठ नजिकैको इसराङ भीरबाट खसेको भेडा समात्न हाम्फालेका चुमनुब्री ३ पाङसिङका ६७ वर्षीय लारा गुरूङ फर्किनुभएन। भेडा जोगाउन खोज्दा जीवन गुमाएका लारा न पहिलो व्यक्ति हुनुहुन्छ, न अन्तिम। उहाँको कथाले उत्तरी गोरखाको भेडा गोठालाको जीवन कति जोखिमपूर्ण छ भन्ने सवाल उजागर गरेको छ ।

समुद्री सतहबाट चार हजार मिटरभन्दा माथिको लेक, खर्कको बसाई, बेलाबेला खस्ने सुख्खा पहिरो तथा बाटोमा ढुङ्गा खस्ने समस्या, भौगोलिक कठिनाइ पनि उस्तै छ। जनशक्ति पलायनजस्ता समस्याले भेडागोठालाको जीवन झनै कष्टपूर्ण बन्दै गएको गोठालाहरूको गुनासो छ । यतिबेला उत्तरी गोरखाका भेडागोठालाहरू लेकतिर गोठ लैजाँदैछन्। उँधौलीका बेला गोरखाको आरूघाट, धादिङको बसेरी, सल्यानटार तथा लमजुङको बाहुनडाँडा, विचौरसम्म फैलिएका उत्तरी गोरखाका गोठहरू उँभौली लागेपछि फेरि विस्तारै लेकतर्फ लैजाँदै गरेका हुन् ।

पाङसिङ गोरखाको सबैभन्दा धेरै भेडापालन गर्ने गाउँ हो । त्यसैले यो भेडा गोठालाहरूको गाउँका रूपमा पनि चिनिन्छ। करिब १५० घरधुरी रहेको पाङसिङमा ७०

बारीहरू खाली हुन्छ । त्यहाँ भेडा ल्याएर राख्न पाइन्छ", उहाँले भन्नुभयो ।

भेडागोठालाको जीवन त्यति सजिलो छैन । सास्ती पनि उस्तै, खर्चिलो पनि उत्तिकै छ । सरकारी बेवास्ताको कुरा त अझ परको कुरा । "लेकको कथाब्यथा छुट्टै छ तर गाह्रो त बेंसी झर्दा हुन्छ", रोहन भन्नुहुन्छ, "हिउँद्मा बेंसीमा घाँस पाउँदैन । हामी गोरखाको भेडा धादिङको बेंसी लैजाँदा त्यहाँ गाउँलेलाई चरनको पैसा तिर्नुपर्छ । लमजुङमा चाहिं तिर्नु पर्दैन । त्यसैले धेरैको गोठ त्यहीं थुप्रिन्छ। पछि-पछि त्यहाँ पनि घाँसको अभाव हुन्छ । मैले आफैंले धादिङको बेंसीमा बर्सेनि घाँसका लागि ४० देखि ४५ हजार रूपैयाँ तिरेर भेडा लैजान्छु ।"

भेडापालन गाह्रो काम भए पनि जसोतसो गुजारा भने चलिरहेको उहाँ बताउनुहुन्छ। रोहनले एक वर्षमा २० देखि २५ वटा भेडा बिक्री गरेर तीनदेखि चार लाख रूपैयाँ आम्दानी हुन्छ । "आफ्नो मिहिनेत र खर्चको त के कुरा भो र! तीन लाखको बेचियो, चार लाखको बेचियो भन्ने मात्र हो", उहाँ भन्नुहुन्छ । सँगै जन्मे हुर्केका

क्षमता कमजोर हुने र उनीहरूबाट उत्पादन हुने ऊनको गुणस्तर तथा परिमाण दुवैमा गिरावट आएको उहाँले सुनाउनुभयो ।

भेडा व्यवसायमा जलवायु परिवर्तनको प्रत्यक्ष असर छ । यसका कारण रैथाने हिमाली भेडापालन व्यवसाय सङ्कटमा परेको छ र धेरै गोठालाहरूले यो पेसा नै छाड्न थालेका छन् । जलवायु परिवर्तनले भेडागोठालाहरूको लेकबेंसी गर्ने तालिका पनि प्रभावित भएको छ । पहिले वैशाख पूर्णिमापछि मात्र गाउँ भित्रने भैंडीगोठ आजभोलि फागुनमै उकालो लाग्ने गरेको माइलाको अनुभव छ। "बेंसी झार्दा पनि अब कताको बेंसी जाने भन्ने हिसाबले झारिन्छ । आजभोलि जाडोमा धेरै जाडो अनि गर्मीमा धेरै गर्मी हुन थालेको छ", उहाँले भन्नुभयो ।

भेडा गोठालाहरू चार-पाँच जनाको समूह बनाएर, भेडीगोठमा बस्ने गर्छन् । आलोपालो गर्दै गाउँ झर्ने, लेक चढ्ने चलन छ। उनीहरू भेडीगोठ बस्दा आवश्यक पर्ने खाद्य सामग्रीहरू बोकेरै लैजान्छन् । बेलाबखतमा गाउँबाट परिवारले आवश्यक खाद्य सामग्रीहरू लैजाने भेडा गोठालाहरू बताउँछन् । "भेडाको दूध, दही, घिउ, लेकमा पाउने जडिबुटी, माछा,



घरधुरीका बासिन्दा भेडापालनमा संलग्न छन् । पाङसिङको भेडीगोठ अहिले गाउँको माथिल्लो लेकमा रहेको त्यहाँका भेडागोठाला रोहन गुरूङ बताउनुहुन्छ । भेडीगोठमै जन्मेहुर्केका उहाँसँग अहिले करिब तीन सय भेडा छन् । "एक महिना जति भयो यता आ'को, अहिलेसम्म गाउँ आसपासको लेकतिर छौं । विस्तारै अझै माथिल्लो लेकहरूमा जान्छौं," उहाँले भन्नुभयो, "अब विस्तारै-विस्तारै गाउँबाट दुई-दिनको बाटो टाढाको लेक, बुद्ध हिमालको फेदतिर पुग्छौं ।" गाउँका कैयौं गोठाला युवा साथीहरू वैदेशिक रोजगारीमा गए पनि आफू भने भेडीगोठमै रमाएको उहाँ सुनाउनुहुन्छ ।

पाङसिङका रोहनजस्ता भेडागोठालाहरू हिउँदका दिनमा भेडा चराउँदै धादिङको बसेरी र लमजुङको विचौर हुँदै बाहुनडाँडासम्म पुग्छन् । बर्खामा हिमालका फेदहरूका पाटनमा बस्छन् । "ठ्याक्कै यही ठाउँ जाने भन्ने हुन्न । हाम्रो जीवन त घुमन्तेको जस्तो पो छ", उहाँ भन्नुहुन्छ, "हिंड्दै, हेर्दै, आफूलाई जता जाँदा ठीक लाग्छ, सजिलो लाग्छ त्यतै जाने हो ।" समुद्री सतहदेखि ३५ सयदेखि चार हजार मिटरसम्म अग्ला लेक, खर्क, पाटनमा जाने गरेको रोहनले सुनाउनुभयो । बर्खा सुरू भएसँगै माथिल्लो लेक जाने उहाँहरू दसैं लागेपछि मात्र गाउँ आसपासमा झर्ने गर्नुहुन्छ । "त्यतिबेला कोदो, मकैका

साथी विदेसिन्छन्, महिनाकै लाख कमाउँछन् तर यहाँ वर्षदिन कुरेर तीन-चार लाख हात पर्छ ।

पाङसिङका अर्का भेडा गोठाला माइला गुरूङका अनुसार आजभोलि भेडापालनमा युवाहरूको मोह घट्दो छ । भेडा लेकबेंसी गर्न पनि चुनौती थपिएको उहाँले बताउनुभयो । गोठालाको जीवन अरूले देखेको, सोचेको भन्दा धेरै कठिन हुने गरेको माइलाको अनुभव छ । "पहिलाभन्दा आजभोलि लेकबेंसी गर्न गाह्रो छ", उहाँ भन्नुहुन्छ, "धेरै ठाउँमा पहिरो जान्छ । बेला-कुबेला ढुङ्गा खस्दा गोठाला र भेडालाई जोखिम छ, भीरबाट खसेर, पहिरोमा परेर पनि थुप्रै भेडाहरू मर्छन्।"

अर्को मुख्य समस्या चरन क्षेत्रको अभाव हो । जलवायु परिवर्तनका कारण आजभोलि पहिले जस्तो घाँस पाउन छोडेको गोठालाहरू बताउँछन् । नयाँ विषालु झारहरू उम्रन थालेको उनीहरूको गुनासो छ । त्यस्तो घाँस खाएर पनि भेडा मरेका छन् । राम्रो घाँस खोज्दै उनीहरू टाढा, टाढा पुग्नुपर्ने बाध्यता छ। माथिल्लो लेक, खर्क र पाटनहरूमा घाँस पलाउन छाडेको माइलाको भनाइ छ। यस्तै भेडाहरूमा नयाँ रोग र प्रकोपहरू देखा पर्न थालेको उनको दुःखेसो छ । घाँसको कमी र बढ्दो नयाँ-नयाँ रोगका कारण भेडाहरूको तौल घट्ने, प्रजनन्

मासु खाएर गुजारा चलाउँछौं । लेकको त संसारै छुट्टै हुन्छ । तलतिर के भयो केही थाहा पनि हुन्न । वास्ता पनि हुन्न", भेडा गोठाला रोहन गुरूङले भन्नुभयो ।

हिमालपारिको चुमनुब्री गाउँपालिका-३ पाङसिङ, ठूलो फिलिम, सानो फिलिम, पाती, देवल, आँगा, सर्स्यूँ, सिर्दिबास, न्याक, घट्टेखोला, नाग्चेतलगायत क्षेत्रका किसानले भेडाबाख्रा पालन गरेका त्यहाँका वडाध्यक्ष रामकुमार गुरूङ बताउँछन् । "कात्तिकतिर बेंसी झारेका भेडाबाख्रा वैशाख लागेपछि लेकको पाटन भरिभराउ भएका छन्", उहाँ भन्नुहुन्छ, "हरेक वर्ष हिउँद लागेपछि लेकका भेडाबाख्रा खोर्ला, सिङ्ला, लाप्राक, बारपाक, दूधपोखरी हुँदै लमजुङतिर झार्ने गर्छन् । कोही गोठालाले आर्खेत, आरूघाट, मान्बु हुँदै धादिङको बसेरी, सल्यानटारसम्म झार्ने गर्छन् ।" चैत-वैशाख लागेपछि पुनः लेक लैजाने चलन रहेको वडाध्यक्ष गुरूङको भनाइ छ ।

जिल्लाको चुमनुब्री गाउँपालिकामा २० हजार ९८५ भेडाहरू छन् । भेटेरिनरी अस्पताल तथा पशुविज्ञ केन्द्र गोरखाको अभिलेखअनुसार चालू आर्थिक वर्ष २०८२/८३ मा चुमनुब्री गाउँपालिकाका भेडामा सञ्चालित पूर्णखोप कार्यक्रममा उक्त संख्याको भेडा बाख्राको तथ्याङ्क सङ्कलन भएको हो । भेटेरिनरी अस्पताल

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
काममा अगाडि बढ्न उत्सुक रहनुहोस् – शीर्ष स्थानमा पुग्ने रणनीति बनाउनका लागि उत्तम दिन छ।

**वृष**
धन-सम्पत्तिमा नयाँ अवसर आइलाग्न सक्छ । क्रिएटिभ कामका लागि दिमाग सक्रिय हुनेछ ।

**मिथुन**
कृषि वा व्यवसाय सम्बन्धित काममा सोचेर अघि बढौं। पुराना साथीहरूसँग समय विताउन सकिनेछ।

**कर्कट**
आफूमा ऊर्जा र उत्साहको धेरै अनुभूति हुनेछ। परिवारिक कुराकानीले आत्मविश्वास बढाउँछन्।

**सिंह**
कार्य क्षेत्रमा नेतृत्व क्षमता देखाउने समय छ । सहकर्मी र टिमवर्कमा राम्रो प्रभाव पर्नेछ। प्रतिष्ठा बढ्न सक्छ

**कन्य**
आज यात्राका योग छन- चाँडैनै कुनै यात्रा तय होला। अध्ययन-शिक्षा सम्बन्धित काममा फाइदा हुनेछ।

**तुला**
बैंक वा कर्जा सम्बन्धी काममा ध्यान दिनुहोस्। साथीभाइसँग समय बिताउन मन लाग्नेछ ।

**वृश्चिक**
आर्थिक-व्यापारिक कुरा सुम्झदै अघि बढ्नुहोस्। स्वास्थ्य निम्ति योग वा ध्यान उपयुक्त हुन सक्छ।

**धनु**
प्रस्तुतीकरणमा सफलता मिल्नेछ। तर बोल्छु भन्ने कुरामा संयम अपनाउनुहोस्-कुनै गलतफहमी हुन सक्छ।

**मकर**
घर-परिवारसँग आएका विवाद मिलाउन सकिने समय छ। मनी मैनेजमेन्टमा सुधार ल्याउन सकिनेछ।

**कुम्भ**
सामाजिक गतिविधिमा सहभागी हुन मन लाग्नेछ। स्वास्थ्यका मामिलामा थोरै विश्राम उपयुक्त हुन्छ।

**मीन**
ारिवारिक साथले उत्साह दिनेछ। धन सन्तुलित तरिकाले खर्च गर्ने सोच आज उत्तम हुनेछ।

# भिरमा अल्झिएको भेडागोठाला ........

तथा पशु विज्ञ केन्द्र गोरखाको अभिलेखअनुसार आर्थिक वर्ष २०८१/८२ मा पालिकाको १६ हजार ५९८ भेडाबाख्राहरूलाई पूर्ण खोप दिएको थियो ।

चुमनुब्रीमा गत आर्थिक वर्षको तुलनामा यो आर्थिक वर्ष भेडाको संख्या वृद्धि भएको देखिन्छ तर संख्या वृद्धि भने नभएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ गोरखाका पशु सेवा प्राविधिक सुदिप विकले बताउनुभयो । "गत आर्थिक वर्ष २०८१/८२ मा चुमनुब्रीमा पहिलोपटक पशुमा पूर्ण खोप कार्यक्रम सञ्चालन गरेका थियौं। पहिलो वर्ष भएकाले सबै भेडागोठालालाई खोपबारे जानकारी भएन। त्यसैले कैयौं भेडाहरू छुटेका हुन सक्छन् । त्यसैले अहिले बढेको देखिएको मात्र हो", उहाँले भन्नुभयो, "यो आर्थिक वर्ष भने उहाँहरू गाउँ आएको मौका छोपेर खोप लगाएका हौं ।"

चुमनुब्रीको भेडाबाख्राहरूलाई पूर्ण खोप लगाउन चुनौती रहेको उहाँले जानकारी दिए । फोन सम्पर्कसमेत हुन नसक्ने लेकमा गोठालाहरू पुग्ने हुँदा उनीहरूसँग सम्पर्क गर्न कठिन हुने गरेको कार्यालयको भनाइ छ । उहाँले भन्नुभयो, "उहाँहरू जुन सिजनमा गाउँ जानुहुन्छ, त्यही सिजनमा बुझेर सबैजनालाई खबर गरेर जान थालेका छौं ।"

बाह्रै महिना गोठमा जीवन बिताउने भेडा गोठालाहरू उधौली लागेपछि उँधो (बेंसी) झर्ने र उभौलीमा उँभो (लेक) चढ्ने चुमनुब्री–३ जगतका गणेश कार्की बताउनुहुन्छ। भेडागोठालाहरू जगत हुँदै उँधो, उँभो गर्ने उहाँको भनाइ छ। "उँधौली र उभौली लागेको भेडाले नै थाहा पाउने रहेछ । जब कात्तिक लाग्छ अनि अलिअलि जाडो बढ्न थाल्छ, भेडाहरू उँधो फर्केर चर्न थाल्छन् । अनि जब वैशाख लाग्छ र अलिअलि गर्मी हुन थाल्छ त्यसपछि भेडाहरू उँभो फर्केर चर्न थाल्छन्", उहाँ भन्नुहुन्छ, "उँधौली र उभौली लागेपछि यही जगतको बाटो हुँदै भेडाबाख्रा गाउँबेंसी गर्छन् ।"

हरिया चउर हिउँ परेर सेताम्मे हुन थालेपछि गोठालाहरू लेकबाट भेडाका लस्कर धपाउँदै–धपाउँदै महिना दिनपछि गाउँ नजिकै आउँछन् । गाउँ वरिपरिका बारीमा केही दिन चराएर फेरि भेडा धपाउँदै आरूघाट, धादिङको सल्यानटार, बसेरी तथा लमजुङको बाहुनडाँडा, विचौरतिर झार्ने गर्छन् । समुद्री सतहदेखि चार हजार मिटरभन्दा उँभो लेकका खर्कहरूमा भरिने भेडाबाख्रा जाडो लागेसँगै एक हजार मिटरभन्दा होचो बेंसीतिर झार्ने गर्छन् ।

भेडाहरू लेकको गोठबाट बेंसी झार्दा राम्रो दिन बार हेरेर झार्ने गरिन्छ । लेकको गोठबाट पनि एकै दिनमा बेंसी झार्दैनन् । हावापानीसँग घुलमिल गराउँदै एक महिना लगाएर गाउँसम्म ल्याइपुर्‍याउने पाङसिङका विकास गुरूङ बताउनुहुन्छन ।" गाउँमा झारेको भेडा यहाँबाट अझै तल्लो भेग लैजान चाहिँ विधिपूर्वक पूजाआजा गरी साइत गर्ने चलन छ", उहाँले भन्नुभयो ।

चुमनुब्री गाउँपालिकाको पाङसिङ गाउँ जिल्लाकै धेरै भेडा पालन गर्ने गाउँ रहेको गाउँपालिका अध्यक्ष निमा लामाले बताउनुभयो। "यहाँको भेडा बारपाक, लाप्राक, बाहुनडाँडालगायत क्षेत्रमा पाल्न भनेर लैजाने गर्छन्", उहाँले भन्नुभयो । यद्यपि पछिल्लो समय भेडा पालनमा विभिन्न सङ्कटहरू देखिन थालेको पालिका अध्यक्ष लामा बताउनुहुन्छ । "मुख्यरूपमा जलवायु परिवर्तनको प्रत्यक्ष असर हिमाली क्षेत्रमा र यहाँको जनजीवनमा देखिएको छ," लामाले भन्नुभयो, "भेडापालन पनि सङ्कटमा परेको अवस्था छ । वैदेशिक रोजगारीले पनि यसलाई थप असर पुर्‍याएको छ।" पालिकाले भेडा/बाख्रापालन गर्ने किसानलाई प्रोत्साहन दिन कार्यक्रम गरिरहे पनि बर्सेनि संख्या घटिरहेको उहाँको भनाइ छ ।

गोठालाहरूलाई प्रोत्साहन गर्न गोठमा जाने बाटो मर्मत तथा खानेपानीको व्यवस्थालगायतका कार्यक्रमहरू सञ्चालन गरेको चुमनुब्री–३ का वडाध्यक्ष रामकुमार गुरूङले जानकारी दिनुभयो । "गाउँपालिकाको ८० प्रतिशत र गोठाला स्वयंको २० प्रतिशत लागत साझेदारीमा यस्तो कार्यक्रमहरू बर्सेनि गर्ने गरेका छौं", उहाँले भन्नुभयो, "गोठालाहरूलाई त्रिपाल, टर्चलाइट, गमबुटजस्ता सामान पनि दिने गरेका छौं ।"

गोठालाहरूलाई प्रोत्साहनस्वरूप चुमनुब्री गाउँपालिकाले यसवर्ष घुम्ती गोठ सामग्री वितरण कार्यक्रम सञ्चालन गरेको पालिकाका प्रमुख प्रशासकीय अधिकृत मनोज लामिछानेले बताउनुभयो । कार्यक्रममा नौ वटा पशु फार्मका करिब १५० जना आबद्ध रहेको उहाँले जानकारी दिनुभयो । गाउँपालिकाले भेडा गोठालाहरूलाई प्रोत्साहन गर्ने नीतिसहित विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको लामिछानेको भनाइ छ ।

भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र गोरखाले भेडापालक कृषकलक्षित विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने गरेको केन्द्र प्रमुख अनन्त कोइरालाले बताउनुभयो । कार्यालयले पशुमा पूर्ण खोप कार्यक्रमअन्तर्गत भेडाबाख्रामा पूर्ण खोप कार्यक्रम, घुम्ती गोठ कार्यक्रम, भेडाहरूका लागि जुका तथा नाम्लेको औषधि वितरण, घुम्ती गोठका भेडा गोठालाहरूका लागि आवश्यक सामग्री सहयोगलगायतका कार्यक्रमहरू सञ्चालन गरेको छ।

घुम्ती प्रणालीअन्तर्गत चरन क्षेत्रमा रहेका भेडा बाख्राको स्वास्थ्य प्रवर्द्धन कार्यक्रम, स्वास्थ्य परीक्षण, औषधि वितरण तथा किसानहरूलाई परामर्श कार्यक्रम पनि सञ्चालन गरेको कोइरालाले बताउनुभयो । केन्द्रले यी सबै कार्यक्रमहरू गण्डकी प्रदेश सरकारको सहयोगमा सञ्चालन गर्दै आएको छ । "भेडापालन हुने चुमनुब्री, धार्चे, बारपाकसुलिकोट, अजिरकोट र आरूघाट गाउँपालिकामा यी कार्यक्रमहरू सञ्चालन भइरहेका छन्", उहाँले भन्नुभयो । धेरै भेडापालन हुने चुमनुब्री गाउँपालिकामा प्रभावकारी रूपमा यी कार्यक्रमहरू सञ्चालन हुन नसकेको उहाँको भनाइ छ ।

चुमनुब्रीको भेडापालक कृषकहरूलाई बजारसँग जोड्नु पर्ने डिभिजन वन कार्यालय गोरखाका प्रमुख मदनमोहन शाण्डिल्यले बताउनुभयो । जलवायु परिवर्तनको असर विश्वव्यापी रूपमा देखिएकाले भइरहेको समस्या अनुकूल चल्नुको विकल्प नरहेको उहाँको तर्क छ । "बढी प्राविधिक कुरा गर्नुभन्दा पनि उहाँहरूलाई बजारसँग जोड्न सक्नुपर्छ । त्यो नै समस्याको हल हो", उहाँले भन्नुभयो । साथै, भेडीखर्कहरूको थप उचित व्यवस्थापन गर्न सके पनि भेडा गोठालाहरूलाई धेरै राहत मिल्ने उहाँको भनाइ छ । हिमाली लेक, पाटन, चरनहरूमा अहिलेसम्म त हजारौं भेडा चरिरहेका छन् तर गोठालाहरूको चिन्ता भेडाको सुरक्षाभन्दा ठूलो छ– आफ्नो पुस्तापछि यो बाटो हिँड्ने मानिस होलान् कि नहोलान् । रासस

# म्याग्देको अनुमानित ........

विकासतर्फ रू २५ करोड ३९ लाख ६८ हजार चार सय ५०, वन वातावरण विपद् समितितर्फ रू ८७ लाख, कार्यालय सञ्चालन, सुशासन समितितर्फ रू १० करोड ७१ लाख बजेट विनियोजन गरिएको छ ।

वडागत रूपमा वडा नम्बर १ का लागि रू ५० लाख ७५ हजार, वडा नम्बर २ का लागि रू ५५ लाख ३१ हजार, वडा नम्बर ३ का लागि रू ४५ लाख २ सय, वडा नम्बर ४ का लागि रू ५० लाख ७४ हजार, वडा नम्बर ५ का लागि र ४६ लाख दुई हजार, वडा नम्बर ६ का लागि रू ५१ लाख ७५ र वडा नम्बर ७ का लागि रू ५० लाख बजेट विनियोजन गरिएको छ ।

चालु आर्थिक वर्षको जेठ मसान्तसम्म कुल विनियोजित बजेटमध्ये ५६.०७ बजेट खर्च भएको घिमिरेले बताए । चालु वर्षको जेठ मसान्तसम्म चालुतर्फ ७०.५ प्रतिशत र पुँजीगततर्फ ३८.२९ प्रतिशत बजेट खर्च भएको उनले बताए । उनका अनुसार अघिल्लो आर्थिक वर्षमा ५८.४६ प्रतिशत खर्च भएको थियो। जनताका आवश्यकता र माग ठूलो भएपनि सीमित स्रोत साधनको कमीका कारण सोचे अनुरूपको बजेट प्रस्तुत गर्न नसकिएको उपाध्यक्ष घिमिरेले बताए।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
**व्यास नगरपालिका-२, दमौली तनहुँ**
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा







**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com, www.bhanjyangnews.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८३ असार ०९ मंगलबार
June 23, 2026

# आँबुखैरेनीमा पर्यटनको नयाँ सम्भावना बोकेको चमेरा गुफा

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको आँबुखैरेनी गाउँपालिका–२ स्थित लिउत गाउँ जाने बाटोमाथि पर्ने ऐतिहासिक तथा प्राकृतिक महत्व बोकेको चमेरा गुफालाई पर्यटनको नयाँ गन्तव्यका रूपमा विकास गर्ने तयारी थालिएको छ । प्राकृतिक सम्पदाका रूपमा रहेको चमेरा गुफा लामो समयदेखि ओझेलमा पर्दै आएकामा पछिल्लो समय पर्यटकीय सम्भावनालाई उजागर गर्दै व्यवस्थित विकासका लागि स्थानीय तह सक्रिय बनेको हो ।



गाउँपालिका अध्यक्ष शुक्र चुमानसहित प्राविधिक टोलीले गुफा क्षेत्रको स्थलगत अवलोकन गरी संरक्षण, व्यवस्थापन तथा पर्यटन प्रवर्द्धनका सम्भावनाबारे अध्ययन गरेको छ । अवलोकनका क्रममा गुफाको वर्तमान अवस्था, संरक्षणका चुनौती, पर्यटक आकर्षित गर्न आवश्यक पूर्वाधार तथा दीर्घकालीन विकास योजनाका विषयमा विस्तृत छलफल गरिएको वडा सदस्य मनोजकुमार श्रेष्ठले जानकारी दिए।

गाउँपालिकाका अध्यक्ष चुमानले चमेरा गुफा आँबुखैरेनीको महत्वपूर्ण प्राकृतिक सम्पदा भएकाले यसको संरक्षणसँगै पर्यटन क्षेत्रका रूपमा विकास गर्न गाउँपालिका प्रतिबद्ध रहेको बताए। उनले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत आवश्यक रकम विनियोजन गरी गुफा क्षेत्रको पूर्वाधार विकासलाई प्राथमिकता दिइने जानकारी दिए।

उनले भने, "हाम्रो गाउँपालिका भित्र रहेका प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदालाई पर्यटनसँग जोडेर आर्थिक विकासको आधार बनाउने लक्ष्य छ । चमेरा गुफा त्यस्तै सम्भावना बोकेको स्थल हो । यसको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक बजेट तथा योजना कार्यान्वयनमा ल्याइनेछ ।" उनका अनुसार गुफासम्म सहज पहुँचका लागि पदमार्ग निर्माण, सूचना बोर्ड स्थापना, सुरक्षाका आवश्यक व्यवस्था, सरसफाइ तथा वातावरणीय संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ । यसले आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ ।

स्थानीयवासीका अनुसार चमेरा गुफा प्राकृतिक सौन्दर्यले भरिपूर्ण स्थल हो । गुफाभित्र ठूलो संख्यामा चमेरा बसोबास गर्ने भएकाले यस क्षेत्रको जैविक विविधता संरक्षणका दृष्टिले पनि विशेष महत्व रहेको छ। उचित प्रचारप्रसार र पूर्वाधार विकास हुन सके यस क्षेत्र पर्यटनको नयाँ गन्तव्य बन्न सक्ने स्थानीयको विश्वास छ।

गाउँपालिकाले पर्यटन विकाससँगै स्थानीयस्तरमा रोजगारी सिर्जना, होटल तथा व्यवसाय प्रवर्द्धन, कृषि उत्पादनको बजार विस्तार तथा आर्थिक गतिविधिमा वृद्धि हुने अपेक्षा गरेको छ। पर्यटनसँग जोडिएका सम्भावनाको उपयोग गर्न सके गाउँपालिकाको समग्र आर्थिक विकासमा समेत सकारात्मक प्रभाव पर्ने विश्वास व्यक्त गरिएको छ ।

# अन्तर्राष्ट्रिय हवाई .......

अमेरिकी सहरहरूमा पुग्ने यात्रुहरूले एउटै टिकटबाट यात्रा गर्न सक्ने र गन्तव्यसम्म पुग्दा कुनै झण्झट नुहने प्रमुख आचार्यले बताउनुभयो ।

इमिरेट्स एयरलाइन्सले दुबई अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनल ३ लाई आफ्नो प्रमुख हब बनाएर विश्वका छ वटा महादेशका ७६ देशमा रहेका १४३ भन्दाबढी देशहरूमा जोड्दै आएको उहाँको भनाइ छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक निरौलाले एयरलाइन्सहरूबीच हुने कोडसेयर साझेदारीले यात्रुको ट्रान्जिटलाई सहज बनाउने बताउनुभयो । "पोखरादेखि दुबई हुँदै अन्य देशमा जाने यात्रुहरू एउटै टिकटबाट यात्रा गर्न सक्छन्, लगेज आफैँ सार्नुपर्ने झण्झट पनि हुँदैन", उहाँले भन्नुभयो, "दुबईसम्म एउटा विमानले यात्रु बोक्छ, त्यहाँ ट्रान्जिटपछि अर्को विमानले गन्तव्यमा पुऱ्याउँछ ।"

पोखरा–दुबई उडानका लागि गत जेठ २५ गते नेपाल नागरिक उड्डयन प्राधिकरणले फ्लाई दुबईलाई अनुमति दिएको थियो । त्यसअघि फ्लाई दुबईको टोलीले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको उच्चस्तरीय सुरक्षा, सेफ्टी तथा सञ्चालनसम्बन्धी निरीक्षण गरेको थियो । सरकारले आगामी आव २०८३/८४ को नीति तथा कार्यक्रममा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षित गर्न कूटनीतिक पहल गर्ने जनाएको केही समयमै फ्लाई दुबईले उडान अनुमति पाएको हो ।

विमानस्थलका महाप्रबन्धक निरौलाले पोखराबाट उडान सेवा सुरू गर्न एयर अरेबियाले चासो देखाएको बताउनुभयो । "पोखराबाट अन्तर्राष्ट्रिय उडान सञ्चालनको दिगोपनाका लागि निजी क्षेत्रलगायत सबै पक्षको सकारात्मक सहयोगको खाँचो छ", उहाँले भन्नुभयो, "पोखराबाट नियमित अन्तरराष्ट्रिय उडान हुँदा मुलुकको पर्यटन र अर्थतन्त्रमा ठूलो टेवा पुग्छ, सर्वसाधारण यात्रुहरूले सहज सुविधा पाउँछन् ।"

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नेपालको तेस्रो अन्तर्राष्ट्रिय हवाई प्रवेशद्वारका रहेको छ । काठमाडौँ केन्द्रित रहेको हवाई चापलाई विकेन्द्रीकरणसँगै पर्यटन प्रवर्द्धन र आर्थिक गतिविधिका लागि पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तरदेशीय उडान हुनुपर्ने आवाज उठ्दै आएको छ । दुबईसँग प्रत्यक्ष हवाई सम्पर्क स्थापित हुँदा मध्यपूर्व, युरोप, अफ्रिका लगायतका ३०० भन्दा बढी सहरहरूसँग पोखराको पहुँच पुग्ने जनाइएको छ ।

झण्डै रू २२ अर्ब ऋणमा बनेको यस विमानस्थल हाल आन्तरिक उडानमा मात्र सीमित छ । सन् २०२३ को जनवरी १ मा यस विमानस्थलको उद्घाटन गरिएको थियो । स्वदेशी वायुसेवा प्रदायक कम्पनीले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट संघीय राजधानी काठमाडौँ, भरतपुर, भैरहवालगायतका गन्तव्यमा आन्तरिक उडान गर्दै आएका छन्।

पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बनाउने ५० वर्षअघिको योजनाले सार्थकता पाए पनि विमानस्थल पूर्ण रूपमा सञ्चालनमा आउन सकेको छैन । अन्तर्राष्ट्रिय विमानस्थल बनेपछि ठूलो संख्यामा विदेशी पर्यटक भित्रने आशमा रहेका पर्यटन व्यवसायी विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडानको पर्खाइमा छन्।

पोखरा–दुबई सिधा उडानले पोखरा र सिङ्गो गण्डकी प्रदेशको आर्थिक समृद्धिको ढोका खुल्ने उद्योग वाणिज्य महासंघ, गण्डकीका अध्यक्ष नरेश कँडेलले बताउनुभयो। "गण्डकी प्रदेशबाट मध्यूपूर्वका देशदेखि युरोप, अमेरिकासम्म रोजगार र अध्ययनका लागि जानेको संख्या ठूलो छ", उहाँले भन्नुभयो, "पोखरा–दुबई उडानले ती यात्रुलाई घर आउन सहज र कम खर्चिलो बन्नेछ, पोखरालगायत आसपासका गन्तव्यमा आउने पर्यटक अब सिधैं पोखरा आउन पाउँछन् ।" रासस

## मौसमजन्य भाइरलबाट सुरक्षित बनौं

- मौसम परिवर्तनसँगै स्वास्थ्यमा विशेष ध्यान दिऔं,
- नियमित रुपमा साबुनपानीले हात हुने बानी बसालौं,
- भीडभाडयुक्त स्थानमा आवश्यक सावधानी अपनाऔं,
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना सेवन गरौं,
- खोक्दा वा हाछ्युँ गर्दा मुख–नाक छोपौं,
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्छ स्वास्थ्य जाँच गराऔं,

**स्वस्थ र सुरक्षित जीवनशैली अपनाऔं**
**चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## facebook twitter



**dambar khatiwoda**
x.com/dambarkhatiwoda

केही मान्छे जनमतको नाममा कोर इस्यु, राजनीतिमा मुद्दाको महत्व र वैचारिक भिन्नतालाई वेवास्ता गर्ने दुस्साहस गर्दैछन। के हिजो ओली–देउवासंग जनमत थिएन? कसैले नबिर्सनु कि निर्वाचित संसदको कार्यकाल अर्थात ओली–देउबाको जनमत दुई बर्ष बाँकी नै थियो। बालेन धर्तिको अन्तिम शासक हैनन् ।



**Dr Achyut Wagle**
x.com/DrAchyutWagle

सभ्यताका ५००० वर्ष मान्छेलाई 'असल मानव' बनाउने शास्त्रार्थ, अभ्यास र परीक्षणमा बित्यो । केही आशलाग्दा दर्शन, मूल्य र अभ्यासहरू समाज, राजनीति र व्यबहारमा क्रमश: देखिदैथिए। तर बिगत सयवर्षमा बिकासको यो क्रम उल्टियो। असहिष्णु, अधैर्य र प्रतिशोधी भावना हाम्रो व्यवहारको मूलधार बन्यो।



**narayan wagle**
x.com/narayanwagle

अहिलेको प्रविधिले मानिसका भावना र इन्द्रियहरूलाई ठ्याक्कै बुझेर 'अकुपञ्चर'ले जस्तै निश्चित संवेदनशील विन्दुहरूमा प्रहार गरिरहेको छ। अचम्मको कुरा, हाम्रा कमजोरी र रूचि कहाँ छन् भनी हामी आफैँले विभिन्न माध्यमबाट ती मसिनलाई निरन्तर जानकारी दिइरहेका छौँ । – दोभान राई

# भानुका कृषि सञ्जाललाई कार्यालय सामग्री हस्तान्तरण

**भञ्ज्याङ समाचारदाता/भानु**

तनहुँको भानु नगरपालिकाले कृषि क्षेत्रको विकास तथा कृषकहरुको संस्थागत सशक्तीकरणलाई टेवा पुऱ्याउने उद्देश्यले वडा तथा नगरस्तरीय कृषि सञ्जालहरूलाई कार्यालय सञ्चालनका लागि आवश्यक सामग्री हस्तान्तरण गरेको छ।

नगर उपप्रमुख उमा गोतामेले कृषि सञ्जालका प्रतिनिधिहरूलाई विभिन्न कार्यालय सामग्री प्रदान गरेकी थिइन् । कृषकहरूको हकहित सहयोग पुग्ने विश्वास लिइएको छ।

कार्यक्रममा उपप्रमुख गोतामेले कृषि सञ्जाललाई कृषक र स्थानीय सरकारबीचको महत्वपूर्ण सेतुका रूपमा विकास गर्न आवश्यक रहेको बताइन् । उनले सञ्जालमार्फत कृषकका समस्या, सुझाव तथा आवश्यकताहरु स्थानीय सरकारसम्म सहज रूपमा पुग्ने र त्यसका आधारमा कृषि विकासका कार्यक्रमहरु थप प्रभावकारी रूपमा सञ्चालन गर्न सकिने धारणा व्यक्त गरिन् ।



संरक्षण, कृषि क्षेत्रका समस्या तथा आवश्यकताको प्रभावकारी सम्बोधन तथा कृषकहरूबीच समन्वय र सहकार्य अभिवृद्धि गर्ने उद्देश्यले गठन गरिएका कृषि सञ्जालहरूको संस्थागत विकासमा सहयोग पुगोस् भन्ने उद्देश्यले सामग्री उपलब्ध गराइएको उनले बताइन् ।

हस्तान्तरण गरिएका सामग्रीले सञ्जालहरूको दैनिक प्रशासनिक कार्य सञ्चालन, अभिलेख व्यवस्थापन, बैठक तथा कार्यक्रम सञ्चालन, सूचना आदानप्रदान तथा कृषि सम्बन्धी योजना तर्जुमा लगायतका कार्यलाई थप व्यवस्थित, प्रभावकारी र परिणाममुखी बनाउन उनले कृषि सञ्जालहरूले कृषि क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण तथा उत्पादन वृद्धि गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्दै नगरपालिकाले आगामी दिनमा पनि कृषकमैत्री नीति तथा कार्यक्रममार्फत कृषि क्षेत्रको दिगो विकासका लागि निरन्तर काम गर्ने प्रतिबद्धता जनाइन् ।

भानु नगरपालिकाले कृषि उत्पादन वृद्धि, किसानको आयआर्जनमा सुधार तथा कृषि क्षेत्रलाई आत्मनिर्भर र प्रतिस्पर्धी बनाउन विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास–२, दमौली, तनहुँ । **फोनः** ०६५–५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :– विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४